गण्डकी प्रदेश सभाको बैठकमा सम्वत् २०८१ साल असार १ गते शनिवार
आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङ्ले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को
# बजेट वक्तव्य

गण्डकी प्रदेश सरकार
## आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल
२०८१

माननीय सभामुख महोदय,

१. गण्डकी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले आर्थिक वर्ष २०८१/८२ को गण्डकी प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

२. नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका सबै आन्दोलन तथा संघर्षमा अमूल्य जीवन अर्पण गर्नु हुने ज्ञात अज्ञात महान् शहीदप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। राजनीतिक परिवर्तनको लागि नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेतागणहरुको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै आन्दोलनका क्रममा बेपत्ता, घाइते, अपाङ्गता एवं पीडित भएका सम्पूर्ण नागरिकप्रति उच्च सम्मान प्रकट गर्दछु।

३. प्रदेशबासी नागरिकको बृहत्तर हितलाई केन्द्रबिन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाको सोच, प्रदेश सभामा प्रस्तुत गरिएको विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई आधारलिई बजेट तर्जुमा गरेको छु।

४. बजेट तर्जुमा गर्दा सरकारका नीति तथा कार्यक्रम, आवधिक योजनाको लक्ष्य, सिद्धान्त र प्राथमिकताबीचको सामञ्जस्यतालाई जोड दिएको छु। राजनीतिक दलका घोषणापत्र, प्रदेश सभाका माननीय सदस्य, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, विद्वत वर्ग तथा आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरेको छु।

५. प्रदेशबासी नागरिकको विकासप्रतिको चाहना, प्रदेशको आवश्यकता र सामर्थ्य तथा राजस्व परिचालनको सीमित दायरालाई दृष्टिगत गरी स्रोत साधनको न्यायोचित परिचालनमा जोड दिएको छु।

६. "**आत्मनिर्भर र समुन्नत प्रदेश : सम्मानित प्रदेशबासी**" को सोचका साथ दोस्रो पञ्चवर्षीय योजनाले तय गरेको विकासको मार्गचित्र पुरा गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी सृजना, प्रदेशबासी नागरिकको हित अभिवृद्धि तथा प्रदेशको समग्र विकासमा विशेष जोड दिएको छु। प्रादेशिक अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै सार्वजनिक र निजी क्षेत्रको सहभागिता मार्फत लगानी प्रवर्द्धनमा जोड दिई बजेट तर्जुमा गरेको छु।

७. समतामूलक आर्थिक समुन्नति र उदार लोकतन्त्रलाई संस्थागत गरी संघीयताको लाभ आम नागरिकमा समन्यायिक तवरले वितरण गर्न तथा लोकतान्त्रिक मुल्य र मान्यताहरु नागरिकको जीवनमा अनुवाद गर्न अन्तरसरकार व्यवस्थापन प्रभावकारी हुन आवश्यक ठानेको छु।

८. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय शासन व्यवस्था अवलम्वन गरिए सँगै गण्डकी प्रदेश सरकारको स्थापना भएको ६ वर्ष पुरा भई सकेको छ। यस अवधिमा प्रदेशको आर्थिक तथा सामाजिक क्षेत्रमा महत्वपूर्ण आधारशिला निर्माण भइरहेको छ।

९. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता अभिवृद्धि हुनुका साथै प्रदेश सरकारप्रति नागरिकको अपनत्व र ममत्व स्थापित हुदै गएको छ। विभेद, वञ्चितिकरण र वहिष्करणमा परेका समुदायका नागरिकको सम्मानजनक सामाजिक जीवनको सृजना भइरहेको छ। नागरिकको वास्तविक मर्म बुझी सार्वजनिक सेवाको प्रवाहलाई घरदैलोमा नै पुऱ्याउने प्रदेश सरकारको लक्ष्यमा आशातित प्रगति भइरहेको छ।

माननीय सभामुख महोदय,

अव म गण्डकी प्रदेश सरकारले हासिल गरेका प्रमुख उपलब्धी तथा आर्थिक, सामाजिक परिसूचकको अद्यावधिक विवरण सहितको गण्डकी प्रदेशको समष्टिगत आर्थिक परिलक्ष्यको प्रक्षेपण प्रस्तुत गर्न अनुमति चाहन्छु।

१०. आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर आधारभूत मूल्यमा ४.२३ प्रतिशत र उपभोक्ता मूल्यमा ४.५५ प्रतिशत हुने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर क्रमशः ३.६९ प्रतिशत र ३.३० प्रतिशत रहेको थियो।

११. आर्थिक वर्ष २०८०/८१ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन रू.५ खर्ब १६ अर्ब ७० करोड रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा गण्डकी प्रदेशको योगदान क्रमशः ८.९६ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा यस्तो योगदान ९.१ प्रतिशत रहने अनुमान छ।

१२. आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ उत्पादनमा गण्डकी प्रदेश सरकारको खर्चको हिस्सा ५.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा त्यस्तो हिस्सा ४.६ प्रतिशत रहने अनुमान छ।

१३. आर्थिक वर्ष २०७९/८० मा १ हजार ४ सय ९९ अमेरिकी डलर रहेको गण्डकी प्रदेशको प्रतिव्यक्ति आय आर्थिक वर्ष २०८०/८१ मा १ हजार ५ सय ५७ अमेरिकी डलर पुग्ने अनुमान छ। गण्डकी प्रदेशको प्रतिव्यक्ति आय राष्ट्रिय औषत भन्दा हरेक बर्ष माथि रहदै आएको छ।

१४. आर्थिक वर्ष २०८०/८१ मा प्रदेशको कुल गार्हस्थ्य उत्पादनमध्ये कृषि क्षेत्रको योगदान २६.४० प्रतिशत, उद्योग क्षेत्रको योगदान १६.८० प्रतिशत र सेवा क्षेत्रको योगदान ५६.८० प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो योगदान क्रमशः २६.२० प्रतिशत, १७.३० प्रतिशत र ५६.६० प्रतिशत रहेको थियो।

१५. आर्थिक वर्ष २०८०/८१ को अन्त सम्ममा गण्डकी प्रदेशको विद्युत उत्पादन (जडित) क्षमता ९३३ मेगावट र प्रतिव्यक्ति वार्षिक विद्युत खपत २७९ किलोवाट पुग्ने अनुमान छ। आधारभुत स्तरको खानेपानी र सरसफाइको पहुँच क्रमशः ९५.० प्रतिशत र शत प्रतिशत जनसंख्यामा पुगेको छ।

१६. आर्थिक वर्ष २०७९/८० सम्म गण्डकी प्रदेश सरकारको कुल खर्चको तुलनामा पूँजीगत खर्चको अनुपात उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०८०/८१ को फागुनसम्म कुल खर्चमा पूँजीगत खर्च र चालु खर्चको अनुपात क्रमशः ५३.४३ प्रतिशत र ४६.५७ प्रतिशत रहेको छ।

१७. आर्थिक वर्ष २०८०/८१ को फागुन मसान्तसम्म प्रदेश सरकारले कुल रू. ६ अर्ब ९१ करोड २७ लाख राजस्व परिचालन गरेको छ। कुल राजस्वमा प्रदेशको आन्तरिक राजस्व र संघबाट प्राप्त राजस्व बाँडफाँट अनुपात क्रमशः ३०.५ प्रतिशत र ६९.५ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको असार मसान्तसम्म यस्तो अनुपात क्रमशः ३८.६ प्रतिशत र ६१.४ प्रतिशत रहेको थियो।

१८. चालु आर्थिक वर्ष २०८०/८१ को मन्त्रालयगत बजेट विनियोजन र खर्चको प्रगति विवरण, गण्डकी प्रदेशको आर्थिक सूचकको विस्तृत विवरण सहितको आर्थिक सर्वेक्षण गरिमामय प्रदेश सभा समक्ष पेश गरेको छु।

माननीय सभामुख महोदय,
अब म प्रदेश सरकारको आगामी कार्यदिशा स्पष्ट हुने गरी बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्दछु।

बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

(क) गुणस्तरीय पूर्वधार तथा उत्पादनमा अभिवृद्धि गर्नु,

(ख) रोजगारी तथा आयमा वृद्धि गर्नु,

(ग) मानव पुँजी निर्माण, विकासका लाभको समन्यायिक वितरण स्थापित गर्नु,

(घ) सामाजिक न्याय र समुन्नती हासिल गर्नु,

(ङ) गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि गर्नु।

बजेटका प्राथमिकताका देहाय बमोजिम तय गरेको छुः–

(क) दिगो र उत्थानशील पूर्वाधार निर्माण,
(ख) आय उत्पादन र रोजगारीमा वृद्धि,
(ग) सामाजिक विकास र समतामूलक समाजको स्थापना,
(घ) सर्वसुलभ स्वास्थ्य र गुणस्तरीय शिक्षा,
(ङ) सन्तुलित क्षेत्रगत विकास, र
(च) सुशासन प्रबर्द्धन, गुणस्तरीय सेवा प्रवाह र तहगत सम्बन्ध।

माननीय सभामुख महोदय,

अब म नेपालको संविधानको धारा ६० तथा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ बमोजिम स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरणको विवरण प्रस्तुत गर्न चाहन्छु।

१९. वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रुपमा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको छु।

२०. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम स्थानीय तहको भूगोल र जनसंख्याका आधारमा स्थानीय तहलाई प्रदान गरिने वित्तीय समानीकरण अनुदान रू. एक अर्व सोह्र करोड विनियोजन गरेको छु।

२१. प्रत्येक स्थानीय तहलाई समपूरक अनुदान, सशर्त अनुदान वा विशेष अनुदानको रुपमा न्यूनतम एक करोड रुपैयाँ हस्तान्तरण हुने गरी व्यवस्था मिलाएको छु।

## माननीय सभामुख महोदय,

अब म आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम र विनियोजन प्रस्तुत गर्न अनुमति चाहन्छु।

## व्यवसायिक कृषि तथा आत्मनिर्भरता

२२. गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा सबै भन्दा बढी योगदान रहेको कृषि क्षेत्रको रुपान्तरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न यस क्षेत्रलाई विशेष प्राथमिकता राखी कृषकलाई व्यवसायिक कृषिप्रति प्रोत्साहित हुने गरी कार्यक्रमको व्यवस्था मिलाएको छु।

२३. व्यावसायिक कृषिको विकास तथा विस्तारका लागि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्दै प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउने गरी बजेट व्यवस्था मिलाएको छु।

२४. कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण र विविधिकरण गर्दै जग्गाको चक्लाबन्दी गरी सहकारी तथा करार खेती प्रणालीको विकास हुने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

२५. कृषि व्यवसायमा हुनसक्ने जोखिम न्यूनीकरण गरी कृषकको हित संरक्षण गर्न बीमा प्रिमियममा सहुलियत र व्यवसाय प्रवर्द्धनका लागि कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु।

२६. कृषि तथा पशुजन्य उत्पादनको निकासी र पैठारी सम्बन्धी तथ्याङ्क व्यवस्थित गर्न तथा स्वस्थ र गुणस्तरीय कृषि उपजको ओसार-पसार सुनिश्चित गर्न तनहुँको आँबुखैरेनी र स्याङ्जाको मालुङ्गामा रहेको कृषि तथा पशुपंक्षी नियमन इकाईको संस्थागत सुदृढिकरण गर्दै कार्य-प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

२७. औषधिजन्य तथा उद्योगजन्य कच्चापदार्थको उत्पादन प्रयोजनको लागि गाँजाखेतीको आवश्यक कानूनी व्यवस्था गर्दै कार्यान्वयनको मार्गचित्र बनाइनेछ।

२८. माटो परीक्षण तथा मलको गुणस्तर नियमन सम्बन्धी कार्यक्रमलाई थप सघनता तुल्याउन आगामी आर्थिक वर्षदेखि **मोबाइल माटो अस्पताल** सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

२९. स्थानीय तहसँगको सहकार्यमा कित्तानापी नक्सामा सार्वजनिक बाटो अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिएको छु। प्रदेशस्तरीय भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३०. प्रदेशको प्रमुख फलफूलबाली सुन्तलाको उत्पादन प्रवर्द्धनका लागि वगैंचा स्थापना, सुदृढीकरण तथा ग्रिनिङ्ग रोग पहिचान र व्यवस्थापनका लागि नमुना संकलन गरी पि.सि.आर परीक्षण गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

३१. गण्डकी प्रदेशलाई खाद्यान्न, तरकारी, फलफुल, माछामासु र आलु उत्पादनमा आत्मनिर्भर बनाउने कार्यक्रमका लागि रु. १२ करोड ६२ लाख ७५ हजार बजेट व्यवस्था गरेको छु। साथै, खाद्य तथा पोषण असुरक्षित समुदायमा पोषण अवस्था सुदृढीकरणका लागि ग्रामीण पोषण सुरक्षा कार्यक्रमलाई निरन्तरता दिएको छु।

३२. उच्च उत्पादन क्षमता भएका उन्नत नश्ल जातका गाई भैंसीको संख्यात्मक तथा गुणात्मक बृद्धि गर्न पशु नश्ल सम्बन्धी कार्यक्रम, उत्पादनमा आधारित प्रोत्साहन सहयोग कार्यक्रम र पाडी-बाच्छी हुर्काउन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिएको छु।

३३. प्रदेशमा दूध, अण्डा तथा माछा उत्पादन वृद्धि गर्दै निर्यात प्रवर्द्धन का लागि "**बृहत्तर पशु विकास प्रवर्द्धन कार्यक्रम र मत्स्य विकास आयोजना**" सञ्चालन गरिनेछ। यसको लागि रु ३ करोड ५१ लाख बजेट विनियोजन गरेको छु।

३४. मध्यपहाडी लोकमार्गले छोएका गोरखाका स्थानीय तहमा नमुना परियोजनाको रुपमा **"करिडोर लक्षित बाखा विकास कार्यक्रम"** सञ्चालनका लागि रु २ करोड १२ लाख बजेट विनियोजन गरेको छु। आगामी वर्षदेखि यस कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ।

३५. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रयोगशालाको स्तरोन्नति गर्न तथा स्थापना भएको मोडेल भेटेरिनरी अस्पताललाई रिफरल हस्पिटलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार र प्रयोगशाला उपकरण व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३६. पशुजन्य महामारी रोग नियन्त्रणका लागि **"पशुमा पुर्ण खोप कार्यक्रम"** सञ्चालन गर्न र खोपको प्रभावकारिता विश्लेषण (सेरो-मनिटरिङ्ग) का लागि एलाइजा रिडर (**ELISA Reader**) लगायतका उपकरण खरिदका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

३७. पशुको पूर्ण खोप कार्यक्रमलाई सवै स्थानीय तहमा अभियानको रुपमा सञ्चालन गरी पशुपंक्षीमा देखा पर्ने महामारीजन्य इमर्जिङ तथा रिईमर्जिङ रोगको रोगथाम तथा नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३८. स्थानीय तथा रैथाने बाली र पशुपंक्षीको संरक्षण, उत्पादन, सम्वर्द्ध तथा उपयोगमा वृद्धि गर्ने गरी प्रवर्द्धनात्मक कार्यक्रमलाई निरन्तरता दिएको छु। प्राङ्गारिक कृषि प्रणालीको अवलम्बन गर्दै उत्पादित प्राङ्गरिक उपजहरुको प्रमाणीकरण तथा बजारीकरण प्रवर्द्धनका लागि रु २ करोड २३ लाख बजेट विनियोजन गरेको छु।

३९. प्राकृतिक प्रकोपबाट मौसमी रुपमा तथा महामारी रोगका कारण क्षति व्यहोरेका कृषकहरुलाई व्यवसाय पुनर्स्थापनाका लागि सहयोग उपलव्ध गराउन बजेटको व्यवस्था गरेको छु।

४०. असल कृषि अभ्यास (**GAP),** असल पशुपालन अभ्यास (**GAHP),** असल उत्पादन अभ्यास (**GMP),** पशु कल्याण जस्ता अवधारणाको अवलम्वनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४१. स्थानीय तहको समन्वयमा भूमी बैंकको निर्माण र "**एक निर्वाचन क्षेत्र एक प्रविधिमैत्री स्मार्ट कृषि फर्म**" को सम्भाव्यता अध्ययन गरी सामूहिक एकीकृत कृषि विकास कार्यक्रम सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।

४२. गरिबी न्यूनीकरण, स्थानीय रोजगारी, उत्पादन तथा उद्यमशिलतालाई प्राथमिकता प्रदान गर्ने सहकारी संस्थालाई प्रोत्साहन गर्नुका साथै सहकारी क्षेत्रको आदर्श र स्वस्थता कायम राख्न तथ्यांक अद्यावधिक गरी प्रभावकारी नियमनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

४३. कृषि तथा भूमि व्यवस्था मन्त्रालयलाई जम्मा रु. २ अर्व ९ करोड २१ लाख ७ हजार विनियोजन गरेको छु।

## बजारमुखी उत्पादन तथा दिगो पर्यटन, उद्यमशीलता तथा औद्योगिक विकास

४४. गण्डकी प्रदेशमा आन्तरिक तथा बाह्य पर्यटकको आगमनमा वृद्धि गर्न निजी क्षेत्रको सहकार्यमा प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। पर्यटन व्यवसायीसँगको सहकार्यमा विभिन्न पर्यटकीय प्याकेजहरु तयार गरी "**पहिले घरदेश अनि परदेश**" लाई अभियानको रुपमा सञ्चालन गरिनेछ।

४५. पर्यटकीय राजधानी पोखरा र आसपासका स्थानीय तहसँगको सहकार्य तथा सहयोगमा ११ वटा पर्यटकीय स्याटलाइट गन्तव्य **(Tourism Satellite Destination)** विकासका लागि बजेट व्यवस्था गरेको छु।

४६. "**पदमार्गको संरक्षण-पर्यटनको प्रवर्द्धन**" भन्ने अभियानका साथ अन्नपूर्ण, मनास्लु, धौलागिरी, माछापुच्छ्रे, मर्दी लगायतका पदमार्गहरुको संरक्षण, विकास र स्तरोन्नतिको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४७. सनातन धर्मावलम्वीहरुको पवित्र स्थल गजेन्द्रमोक्ष धाम, मुक्तिनाथ, मनकामना क्षेत्र लगायतका प्रदेश भित्रका प्रमुख धार्मिक स्थलहरुको प्रवर्द्धनको लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसबाट प्रदेशभित्र धार्मिक पर्यटनको विकास हुने अपेक्षा लिएको छु।

४८. "**होमस्टे जाउ स्थानीय कला संस्कृतिमा रमाऔं**" भन्ने नाराका साथ ग्रामीण पर्यटनलाई उत्पादन र रोजगारीसँग जोडन घरवास (होमस्टे) मा पूर्वाधार निर्माण तथा क्षमता विकास कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४९. साइकिलिङ मार्फत पर्यटन प्रवर्द्धन गर्नका लागि मुस्ताङको जोमसोम, तनहुँको बन्दिपुर र पोखरामा लेक टु लेक साइक्लिङ मार्ग निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। साथै **"राउण्ड फेवा भ्यू फेवा"** कार्यक्रमलाई उच्च प्राथमिकतासाथ कार्यान्वयनमा जोड दिएको छु।

५०. हिमाल आरोहण सम्बन्धी जनशक्ति उत्पादनका लागि तालिम कार्यक्रम सञ्चालन गर्न र हिमाल आरोहण गर्ने प्रदेशबासीलाई प्रोत्साहन तथा सम्मान गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

५१. औद्योगिक पूर्वाधारका रुपमा प्रादेशिक औद्योगिक क्षेत्र र औद्योगिक ग्रामको न्यूनतम भौतिक पूर्वाधार निर्माण गरी सञ्चालनमा ल्याइनेछ। गण्डकी प्रदेशलाई आर्थिक केन्द्रको रुपमा विकास गर्न नवलपरासी (ब.सु.पू.) को लोकाहाखोला र कास्की-तनहुँको पुँडिटारमा औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गरिनेछ। गण्डकी प्रदेशमा घोषणा भएका २९ ओटा औद्योगिक ग्राममध्ये आगामी आर्थिक वर्षमा तीन ओटा औद्योगिक ग्राम सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छु।

५२. गण्डकी प्रदेशमा उत्पादित घरेलु मदिराको ब्राण्डिङ्ग तथा व्यवस्थापन गर्न आवश्यक कानूनी व्यवस्था गरिनेछ।

**५३.** महिला तथा युवाद्वारा सञ्चालित उद्यम तथा व्यवसायको सक्षमीकरण तथा सम्भावना बोकेका उद्यमहरुको स्तरोन्नतीका लागि स्थानीय तह तथा साझेदार संस्थासँगको लागत तथा प्राविधिक साझेदारीमा प्रदेशभित्रका ५ वटा स्थानीय तहमा बृद्धीमुखी, उद्यमशिलता र रोजगारी प्रवर्द्धन कार्यक्रम (**Growth Enterpreneurship and Employeement Promotion Program- GEEPP)** लाई परीक्षण परियोजनाका रुपमा सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५४. "**उत्पादन, उद्यमशीलता र उद्यमः गण्डकी समुन्नतिको माध्यम**" अभियानलाई प्रवर्द्धन गर्न उद्योग, कृषि, रोजगार वृद्धि सम्वन्धी कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**५५.** "**प्रदेशको उत्पादनः प्रदेशको पहिचान**" अन्तर्गत प्रदेशभित्र उत्पादित वस्तुहरुको प्रदर्शनी र बजारीकरणका लागि कोशेली घरको स्थापना र सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

**५६.** **"सचेत उपभोक्ताः जिम्मेवार उत्पादक तथा बिक्रेता"** को रुपमा उपभोक्ता हित संरक्षण र प्रबर्द्धन गर्न सचेतनामूलक कार्यक्रम, बजार अनुगमन र सार्वजनिक, निजी संवाद (**Public Private Dialogue)** कार्यक्रम सञ्चालन गरिनेछ।

**५७.** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत उद्योग तथा पर्यटनतर्फ रु. ६५ करोड १० लाख ८४ हजार विनियोजन गरेको छु।

## दिगो वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षण

५८. प्रदेशको आर्थिक समुन्नतीमा वन क्षेत्रको योगदान अभिबृद्धि गर्न वन सम्वर्द्धन प्रणालीमा आधारित कानून र निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

५९. वन, वातावरण, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापन कार्यलाई निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरेकोछु।

६०. जलवायु परिवर्तनका प्रभावहरुलाई न्यूनीकरण तथा अनुकूलन गर्न सरोकारवाला निकायको समन्वय र सहकार्यमा स्थानीय समुदायको अनुकूलन क्षमता अभिबृद्धि र जलवायु उत्थानशिल विकासलाई संस्थागत गर्ने आवश्यक व्यवस्था गरिनेछ।

६१. मानव वन्यजन्तु वीच सहअस्तित्व कायम गरी मानव वन्यजन्तुद्वन्द्व न्यूनीकरण गर्न राहत प्रकृयालाई व्यवस्थित गरिने छ। वन्यजन्तु बाट भएको क्षतिको राहत वितरण गर्ने तथा टुहुरा, असहाय, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्दार, उपचार, संरक्षण, पुनर्स्थापना र व्यवस्थापन गर्न कास्की जिल्लाको पचभैयामा रहेको प्राणी उद्यान तथा वन्यजन्तु उद्दार केन्द्रको विकास तथा व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको छु।

६२. प्रदेशको आर्थिक विकासमा योगदान पुर्याउने राष्ट्रिय प्राथमिकता प्राप्त जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावार वन क्षेत्र एवं सार्वजनिक र निजी जग्गामा खेती विकास र विस्तारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। खेती योग्य बाँझो र खाली रहेका निजी तथा सामुदायिक जग्गाको उपयोग गरी नमुना कृषि वन कार्यक्रम प्रवर्धन गर्ने व्यवस्था मिलाएको छु।

६३. मर्स्याङ्दी जलाधार क्षेत्रलाई विद्यावत सहर, कालिगण्डकी जलधार क्षेत्रलाई कृषि र पर्यापर्यटन केन्द्र र सेती मादी जलाधार क्षेत्रलाई औद्योगिक करिडोरको रुपमा विकास गर्न सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६४. भूमिगत जल पुनर्भरण तथा वन्यजन्तुको वासस्थानमा पानीको व्यवस्था गर्न **"एक सामुदायिक वन एक पोखरी कार्यक्रम"** लाई निरन्तरता दिएको छु।

६५. प्रदेशका सहरी क्षेत्रमा हरियाली प्रवर्द्धन गर्न सामुदायिक तथा सहरी वन तथा वर पिपल चौतारी संरक्षण र विकास गरी स्वस्थ वातावरण कायम राख्न स्थानीय तहसँगको साझेदारीमा हरित शहरी अभियान र नक्षत्र बाटिका स्थापनाका कार्यक्रम संचालनकालागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

६६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा वातावरणतर्फ रु. ९१ करोड ५१ लाख ४३ हजार विनियोजन गरेको छ।

## शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा संरक्षण

६७. सीपयुक्त मानव पुँजि निर्माणका लागि शिक्षा प्रणालीको सामयिक सुधार गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। व्यावसायिक, प्राविधिक, जीवनोपयोगी, व्यवहारिक र नैतिक शिक्षा प्रबर्द्धनका विशेष कार्यक्रम सञ्चालनमा जोड दिएको छु।

६८. स्थानीय तहसँगको साझेदारीमा दुर्गम तथा छरिएका बस्ती क्षेत्रहरूमा आवश्यकता अनुसार "**विग र लिड विद्यालय**" तथा आवासीय विद्यालय समेत विस्तार गर्ने कार्यक्रमलाई प्रोत्साहन गरी हिमाली तथा उच्च पहाडी क्षेत्रमा रहेका विद्यालयहरूको शैक्षिक तथा संरचनात्मक सुधारका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

६९. सामुदायिक शिक्षालयको गुणस्तर सुधारका लागि अभिभावक शिक्षा, शैक्षिक जागरण, प्रतिभा पहिचान, शिक्षकको पेशागत क्षमता विकासका कार्यक्रम र सूचना प्रविधिको प्रयोगका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न बजेट बिनियोजन गरेको छु।

७०. **"सामुदायिक क्याम्पससँग गण्डकी प्रदेश"** कार्यक्रमलाई निरन्तरता दिएको छु।

७१. गण्डकी विश्वविद्यालयलाई विशिष्टकृत प्राविधिक अध्ययन र अनुसन्धान केन्द्रको रुपमा विकास गरिनेछ। गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठानको पाठ्यक्रम निर्माण र भौतिक पूर्वाधार निर्माण कार्य आगामी आर्थिक वर्षदेखि शुरु हुने गरी आवश्यक व्यवस्था मिलाएको छु।

७२. राष्ट्रिय भाषा आयोगको सिफारिशमा मगर र गुरुङ भाषालाई प्रदेशको कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याउन आवश्यक कानूनी व्यवस्था गरिनेछ। साथै प्रदेश भित्र बोलिचालीमा रहेका अन्य भाषाको संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ।

७३. **"डिजिटल गण्डकी बढाउनु छ रोजगारी र समुन्नती"** नारालाई मूर्त रुप दिनेगरी युवा तथा विद्यार्थीलाई प्रविधिमैत्री र दक्ष बनाउनका लागि प्रविधिमैत्री सिकाई कार्यक्रम र "फ्राइडे फर फ्यूचर" कार्यक्रमलाई निरन्तरता दिएको छु।

७४. बौद्धिक अपाङ्गता एवम् अटिजम भएका बालबालिकाको शैक्षिक अधिकार सुनिश्चितताका लागि संघीय सरकारसँगको सहकार्यमा प्रदेशस्तरमा सुविधासम्पन्न आवासीय विद्यालय निर्माण एवम् सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

७५. नेपाल एकीकरणको इतिहासलाई स्मरण गर्दै पुस २७ गते राष्ट्रिय एकता दिवसको रुपमा **पृथ्वी जयन्ती** मनाइनेछ र पोखरा महानगपालिका भित्र पृथ्वीनारायण शाहको शालिक निर्माण गरिनेछ।

**७६.** प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयमा **"सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम"** लाई निरन्तरता दिएको छु।

**७७.** **"लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता"** को नीति बमोजिम महिला सशक्तिकरण मार्फत हरेक क्षेत्रमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैङ्गिक मूलप्रवाहीकरण तथा सारभूत लैङ्गिक समानता कायम गर्ने कार्यक्रम कार्यान्वयनलाई प्राथमिकतामा राखी आवश्यक बजेट बिनियोजन गरेको छु।

७८. गण्डकी प्रदेशमा अनुसन्धानको अनुकूल वातावरण तयार पारी स्वदेश तथा विदेशमा अनुसन्धान कार्यमा संलग्न वैज्ञानिक तथा अनुसन्धानकर्तालाई आकर्षित गर्ने गरी प्रदेशमा स्थापना भएका अनुसन्धान केन्द्रको क्षमता अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

७९. **"स्वस्थ जीवन, हाम्रो अभियान"** मार्फत नागरिक शिक्षा, अभिभावक शिक्षा साथै ध्यान तथा योग शिविर सहितको गण्डकी जागरण अभियान सञ्चालनमा जोड दिएको छु। जातीय भेदभाव तथा छुवाछुत लगायतका शोषण एवम् विभेदको अन्त्यका लागि सामाजिक जागरण अभियान तथा सचेतनामुलक कार्यक्रमका लागि एक करोड रुपैयाँ बजेट विनियोजन गरेको छु।

८०. दलित समुदायको परम्परागत पेशा, शिल्पकला र सीपको संरक्षण, संवर्द्धन, आधुनिकीकरण र व्यावसायीकरणका लागि **"भगत सर्वजित सीप विकास कार्यक्रम"** लाई निरन्तरता दिँदै आवश्यक बजेट विनियोजन गरेको छु।

**८१.** बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन विकास र प्रवर्द्धन गर्न स्थानीय तहलाई प्रोत्साहन गर्ने गरी बजेट व्यवस्था गरेको छु। सडक मानवमुक्त प्रदेश कार्यक्रमलाई निरन्तरता दिई मनोसामाजिक परामर्श सेवा सञ्चालनको व्यवस्था मिलाएको छु।

८२. ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिएको छु। हाल सञ्चालनमा रहेका ज्येष्ठ नागरिक आश्रमको संस्थागत सुदृढिकरण जोड दिएको छु।

८३. प्रदेश मातहतका अस्पताल तथा वर्थिङ सेन्टरमा तालिमप्राप्त मिडवाइफ मार्फत सेवा प्रवाहको सुनिश्चितताका लागि आगामी आर्थिक वर्षदेखि प्रविणता प्रमाणपत्र तहको **मिडवाइफरी शैक्षिक**

**कार्यक्रम** धौलागिरी अस्पताल बाग्लुङ्गमा अध्यापन सुरुवात गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

८४. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउनका लागि लक्षित वर्गमा स्वास्थ्य बीमा, रगत तथा रक्तजन्य पदार्थको निःशुल्क उपलब्धता, कडा रोगको उपचारमा आर्थिक सहायता, ज्येष्ठ नागरिक तथा बालबालिकाहरूको लागि निःशुल्क परीक्षण, जोखिममा परेका गर्भवती र सुत्केरी महिलाहरूको हवाई उद्धार लगायतका सामाजिक सुरक्षा कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेटको व्यवस्था गरेको छु।

८५. विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवालाई विकास र विस्तार गर्न मनाङ र मुस्ताङ जिल्ला अस्पताललाइ २५ शैय्या र पर्वत, स्याङ्जा, दमौली, मध्यविन्दु र मातृशिशु अस्पताललाइ ५० शैय्या क्षमतामा स्तरोन्नति गर्न तथा गोरखाको आँपपिपल अस्पताल र बाग्लुङको बुर्तिबाङ प्रादेशिक अस्पताललाई सञ्चालनमा ल्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

८६. संक्रामक तथा सरुवा रोग अस्पताललाई प्रदेशको विशिष्टीकृत अस्पतालको रुपमा विकास गरिनेछ। प्रदेशस्थित रेफरल अस्पतालमा न्युरो इन्टरभेन्सन रेडियोलोजी सेवा, मातृशिशु मितेरी अस्पतालमा नि:सन्तानपनको उपचार सेवा र हिमाली तथा उच्च पहाडी क्षेत्रका स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति, उपकरण र प्रविधिसहित उच्च भेगीय विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८७. प्रदेशको मातृ तथा नवशिशु मृत्यु दरलाई न्यूनीकरण गर्न प्रदेशका सबै जिल्लाहरूमा कम्प्रीहेन्सिभ इमर्जेन्सी अब्स्टेट्रिक एण्ड नियोनेटल केयर सेवा सुनिश्चित गरी मातृशिशु मृत्युको नियमित निगरानी, संस्थागत सुत्केरी प्रवर्द्धन, सिमुलेसन बेस्ड मेन्टरसिप कार्यक्रम, रणनैतिक स्थानमा प्रसूति प्रतीक्षा गृहको स्थापना र ग्रामीण भेगमा अल्ट्रासाउन्ड सेवाको विस्तार गरी गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूति सहित **"पूर्ण संस्थागत सुत्केरीयुक्त प्रदेश"** बनाउने अभियानलाई निरन्तरता दिई सो कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**८८.** प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवालाई थप प्रभावकारी र नतिजामुखी बनाउन एकीकृत जनस्वास्थ्य अभियान मार्फत सर्ने तथा नसर्ने रोगको रोकथाम र नियन्त्रण, मानसिक रोग एवम् आत्महत्या रोकथाम, प्रजनन स्वास्थ्य प्रवर्द्धन, स्वस्थ जीवनशैली र वातावरणीय स्वास्थ्य प्रवर्द्धन, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको पोषण स्थितिमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरेको छु।

८९. प्रदेश मातहतका आयुर्वेद संस्थाहरुको सुदृढिकरण गरिनेछ। धौलागिरी र गण्डकी आयुर्वेद औषधालयको स्तरोन्नति गरी अन्तरंग सेवा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

९०. **मेरो स्वास्थ्य: मेरो जिम्मेवारी**को अवधारणा अनुरुप नागरिकलाई स्वस्थ जीवनशैली अपनाउन अभिप्रेरित गर्न नागरिक आरोग्य अभियान मार्फत **भान्छा सुधार: आरोग्यताको आधार** कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## युवा तथा खेलकुद

९१. "**उत्पादनसँग युवा अभियान**" कार्यक्रम सञ्चालन गरी युवालाई उद्यमशीलतातर्फ प्रोत्साहन गर्न सुरुवाती व्यवसाय गर्न चाहाने युवाका लागि सहुलियत पूर्ण व्याजदरमा बीउ पुँजी **(Seed Money)** उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

९२. युवामा सकारात्मक सोंच, सीप, क्षमता र नेतृत्व विकासमा जोड दिई सिर्जनशील तथा उद्यमी युवा तयार गर्न युवा उद्यमी प्रोत्साहन कार्यक्रम सञ्चालन र **युवा प्रतिभा सम्मान** कार्यक्रमलाई निरन्तरता दिएको छु।

९३. वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन सुरक्षित आप्रवासन कार्यक्रममा प्रदेश सरकारले सूचनाकर्ता र परामर्शदाता परिचालन गर्ने व्यवस्थाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९४. वैदेशिक रोजगारीमा जान चाहने युवाहरूका लागि आवश्यक सीप तथा दक्षता हासिल गरेर मात्र जाने अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा आबद्ध हुने **"समय घटाउने आम्दानी बढाउने"** विशेष कार्यक्रम सञ्चालनको लागि बजेटको व्यवस्था मिलाएको छु। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण रकमलाई आय, उत्पादन र आन्तरिक रोजगारी सिर्जना हुने गरी परिचालन हुने व्यवस्था गरेको छु।

९५. वैदेशिक रोजगारीबाट फर्किएका युवा स्वरोजगार तथा उद्यम व्यवसायमा जोडिन चाहेमा व्यावसायिक परामर्श, व्यावसायिक योजना निर्माणमा सहयोग, प्राविधिक सहयोग र सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९६. खेलकुद क्षेत्रको विकास, विस्तार र सुदृढिकरणका लागि संघ सरकार र स्थानीय तहबीच सहकार्य र साझेदारी गर्दै खेलाडीहरुको व्यावसायिकता विकास, प्रशिक्षण र प्रोत्साहनका विशेष

कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। प्रदेशका ख्यातिप्राप्त खेलाडीहरुको सम्मान कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**९७.** उच्च उचाई खेल तालिम केन्द्रको पूर्वाधार निर्माण कार्य आगामी आर्थिक वर्षमा सुरुवात गरी उच्च उचाइका खेलका लागि "**उचाइमा खेल: खेलमा उचाई**" कार्यक्रम सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

**९८.** सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयलाइ जम्मा रु. ५ अर्ब ४७ करोड ७४ लाख १६ हजार विनियोजन गरेको छु।

## दिगो तथा उत्थानशील पूर्वाधार

९९. गरिब, अशक्त, असहाय, दलित, लोपोन्मुख, सीमान्तकृत जाति, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिका लागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रमलाई निरन्तरता दिएको छु।

१००. प्रदेश सरकारको प्राथमिकतामा रहेका उत्तर—दक्षिण सडक अन्तर्गतको भिमाद—डेढगाउँ—झ्यालबास—चोरमारा-दुम्किबास—त्रिवेणी खण्ड, मनाङ—मर्स्याङ्गदी सडक, शालिग्राम करीडोर र बुद्धसिंह मार्ग निर्माण कार्यलाई विशेष प्राथमिकता दिई बजेट विनियोजन गरेको छु।

१०१. एसियाली बिकास बैंकको सहयोग तथा स्थानीय पूर्वाधार विभागको समन्वयमा ग्रामीण सडक सञ्जाल सुधार कार्यक्रम मार्फत गोरखा जिल्लाको अवुवा—विर्दि—सेराबजार—पौवाटार सडक कालोपत्रे, बाग्लुङ जिल्लाको अदालत चौतारी—तित्याङ साल बोट—दह—भकुन्डे—रायडाँडा—दमेक हुँदै बरेङसम्मको सडक कालोपत्रे, कास्की जिल्लाको घट्टेखोला—धम्पुस—खानीगाउँ सडकको कालोपत्रे र नवलपुर जिल्लाको आलोक चक्रपथ कालोपत्रे कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु। यस कार्यक्रमबाट ८० किलोमिटर सडक कालोपत्रे हुनेछ।

१०२. प्रदेश सभाको भवन निर्माण कार्यका लागि रु. ९ करोड विनियोजन गरेको छु ।

**१०३.** प्रदेश गौरव, प्रदेश लोकमार्ग तथा रणनीतिक महत्वका सडक निर्माण, स्तरोन्नति तथा मर्मतसम्भार कार्यलाई तीव्रता दिइनेछ। स्थानीय तहको केन्द्र जोड्ने **एक निर्वाचन क्षेत्र: एक सडक तथा सडक पुल निर्माण**लाई प्राथमिकता दिएको छु।

१०४. यातायात क्षेत्रको सेवा प्रवाहमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी नागरिकहरूलाई सहज रूपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाएको छु।

१०५. प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनलाई सुरक्षित तुल्याइ दुर्घटना न्यूनीकरण गर्न सरोकारवालासँगको समन्वय तथा सहकार्यमा सडक सुरक्षा नीति तथा प्रविधिको अवलम्बन गरिनेछ।

१०६. संघ र स्थानीय तहको समन्वयमा झोलुङ्गे पुल, ट्रस्ट ब्रिज निर्माण र मर्मत कार्यलाई प्राथमिकताका साथ कार्यसम्पादन हुने गरी बजेटमा व्यवस्था गरेको छु। प्रदेशका हिमाली र पहाडी क्षेत्रमा रहेका पर्यटकीय पदमार्गबाट नजिक रहेका बस्तीसँग सहज पहुँच पुर्याउनका लागि नदी तथा खोलामा झोलुङ्गे पुल निर्माणलाई विशेष जोड दिएको छु।

१०७. यातायात सम्बन्धी सम्पूर्ण सफ्टवयेरको सञ्चालन तथा व्यवस्थापन र सवारी चालक अनुमतिपत्र छपाई प्रदेशवाट हुने व्यवस्था मिलाउन पहल गरिनेछ। यातायात सम्बन्धी अभिलेखलाई वैज्ञानिक, सुरक्षित र स्वचालित बनाउन सबै अभिलेखलाई डिजिटलाइजेसन गर्ने गरी आवश्यक बजेट विनियोजन गरेको छु।

१०८. पदयात्रा तथा साइक्लिङ्गका लागि गोरखाको मनास्लु, लार्केपास-मनाङ्ग-मुस्ताङ्ग र कास्कीको अन्नपूर्ण संरक्षण क्षेत्रलाई उत्कृष्ट पदमार्गको रुपमा विकास गर्नका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१०९. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयसम्बद्ध कार्यक्रमहरुमा रु. १२ अर्व ७० करोड १६ लाख ६६ हजार विनियोजन गरेको छु।

## स्वच्छ उर्जा, जलस्रोत तथा खानेपानी

११०. प्रदेशभित्र आधारभूत विद्युत सुविधामा सबै नागरिकको पहुँच सुनिश्चितताका लागि **उज्यालो गण्डकी प्रदेश अभियान**का लागि आवश्यक बजेट विनियोजन गरेको छु।आर्थिक वर्ष २०८१/८२ मा नै **उज्यालो गण्डकी प्रदेश** घोषणा गरिनेछ ।

१११. प्रदेश सरकारको अधिकारक्षेत्रका विद्युत आयोजनाको सर्वेक्षण, उत्पादन, प्रसारण र वितरणका लागि आगामी आर्थिक वर्षमा नीतिगत व्यवस्था गरिनेछ।

११२. एक घर एक धारा कार्यक्रम मार्फत प्रदेशका सबै घरधूरीमा निजी धारा जडान गर्ने कार्यका लागि अति आवश्यक स्थानमा मात्र नयाँ योजना समावेश गर्ने बाहेक पुराना खानेपानी

योजनालाई सम्पन्न गर्ने गरी बजेट विनियोजनलाई विशेष प्राथमिकता दिएको छु। सञ्चालित खानेपानी आयोजनाको निरन्तरता र नयाँ आयोजनाको निर्माणबाट सत्तरी प्रतिशत घरधूरीसम्म नीजि धारा पुर्याउनका लागि ८ करोड रुपैयाँ विनियोजन गरेको छु।

११३. प्रदेशभित्र सञ्चालित लिफ्टिङ खानेपानी र लिफ्टिङ सिंचाई आयोजनाहररुमा शत प्रतिशतसम्म विद्युत महशुलमा अनुदान दिने व्यवस्थालाइ निरन्तरता दिएको छु।

११४. प्रदेशभित्रको सिचाइयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुर्याई कृषि उत्पादन र उत्पादकत्व बढाउनका लागि सतही, भूमिगत, लिफ्टिङ र पाइप प्रणालीमा आधारित सिंचाइ कार्यक्रम सञ्चालन हुने व्यवस्था मिलाएको छु। भूमिगत सिचाई कार्यालय, कास्कीको स्थानान्तरण गरी सो सम्बन्धी बढी लाभग्राही जनसंख्या भएको नवलपरासी बर्दघाट सुस्ता पूर्वबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको छु।

११५. प्रदेशभित्रका जोखिमयुक्त नदी किनारका बस्ती, भौतिक संरचना, खेतीयोग्य जमिन र सांस्कृतिक सम्पदा लगायतको संरक्षण गर्ने तथा जग्गा उकास कार्यका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

११६. उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका कार्यक्रमहरुका लागि रु. ४ अर्व २ करोड ५३ लाख ८९ हजार विनियोजन गरेको छु।

## सुदृढ शासन सेवा प्रवाह र तहगत सम्वन्ध

**११७.** लोकतान्त्रिक शासनका आदर्श मूल्यहरुलाई वरण गरी विधि, पद्धति र व्यवहारलाई जनमुखी, जवाफदेही र विधिसम्मत बनाइने छ। प्रशासनीक कार्य सम्पादन गर्दा राष्ट्र र जनताको वृहत्तर हित, कानूनको शासन, मानव अधिकारको प्रत्याभुति,समन्याय, समावेशीकरण, आर्थिक अनुशासन, पारदरर्शिता, जनसहभागिता, सुशासन प्रवर्द्धन तथा भ्रष्टाचारमुक्त चुस्त प्रशासनमा जोड दिइनेछ।

**११८.** संविधान प्रदत्त मौलिक हकको संरक्षण र प्रवर्द्धन गर्दै प्रदेशको अधिकार क्षेत्रका विषयमा कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**११९.** सेवा प्रवाहमा नागरिकको सहभागिता र पहुँच अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण गर्ने कार्यक्रमलाई विस्तार गरिनेछ। यसबाट प्रदेश सरकारप्रति नागरिकको विश्वास र अपनत्व अभिवृद्धि हुनेछ।

१२०. प्रदेश निजामती कितावखाना पूर्ण रुपमा कार्यान्वयन गर्दै प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको अभिलेखिकरण गरिनेछ।

१२१. संघीयतालाई संस्थागत गर्ने एवं प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयलाई प्रगाढ बनाउने माध्यमको रुपमा सञ्चालन भएको मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२२. **"सदाचारयुक्त गण्डकी प्रदेश"** अभियानलाई सार्थकता दिन भ्रष्टाचारप्रति शुन्य सहनशिलताको नीतिलाई कडाईका साथ लागू गरिनेछ। भ्रष्टाचार विरुद्ध सरकारी, गैरसरकारी निकाय तथा नागरिक समाजबीचको समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाइनेछ।

१२३. **"समुन्नत प्रदेशः प्रभावकारी सार्वजनिक सेवा"** भन्ने नाराका साथ सार्वजनिक सेवा प्रवाहलाई छरितो, चुस्त र नतिजामुखी बनाइने छ।

१२४. नागरिकको गुनासो तत्काल सम्बोधन गरी नागरिक मैत्री शासनको अनुभूति दिलाउन हटलाइन सेवा तथा नागरिक सहायता कक्ष सञ्चालन गरिनेछ।

१२५. स्थानीय तहका न्यायिक समिति तथा विधायन समितिको कामलाई प्रभावकारी बनाउन कानून तर्जुमा र कार्यान्वयनमा संलग्न जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ। साथै स्थानीय तहसमेतको साझेदारीमा सबै स्थानीय तहमा कानून सहजकर्ताको व्यवस्था मिलाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१२६. गण्डकी प्रदेशमा आमसञ्चार तथा पत्रकारिताको विकास तथा विस्तारको लागि विशेष व्यवस्था मिलाएको छु। प्रदेश भित्रका पत्रकारलाई प्रोत्साहन स्वरुप **पत्रकार क्षमता विकास कार्यक्रम** र **पत्रकार लेखनवृति फेलोसिप** कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## शान्ति सुरक्षा तथा विपद् उत्थानशीलता

१२७. प्रदेशमा शान्ति, सुरक्षा एवं सुव्यवस्था कायम गर्न प्रदेश सुरक्षा नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१२८. नेपाल सरकारको समन्वय र सहकार्यमा अन्तराष्ट्रिय सीमा नाका तथा अन्तर प्रदेश सीमामा पूर्वाधार निर्माण गरी सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

१२९. नागरिक मैत्री प्रहरी कार्यक्रमलाई निरन्तरता दिँदै नेपाल सरकारसँगको सम्वन्य र सहकार्यमा प्रहरीका लागि आवश्यक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिएको छु।

१३०. गण्डकी प्रदेशभित्रका जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन कार्य सम्पन्न गरी विपद् पूर्व तयारी, प्रतिकार्य, पुनर्निमाण गर्न  विशेष कार्यक्रम सञ्चालन गरिनेछ। विपद् प्रतिकार्यका लागि प्रदेश विपद् व्यवस्थापन कोषमा न्युनतम रु १० करोड मौज्दात रहने व्यवस्था मिलाएको छु।

## सार्वजनिक वित्त व्यवस्थापन र आर्थिक अनुशासन

१३१. अत्यावश्यक सेवाको लागि बाहेक नयाँ सवारी साधन खरिद गरिने छैन। प्रदेश सरकारको पूँजिगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्दै चालु खर्चलाई न्यूनीकरण गर्न खर्चको मापदण्डको प्रभावकारी रुपमा कार्यान्यवयन गरिनेछ।

१३२. हाल सञ्चालनमा रहेका प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना, क्रमागत र अधुरा आयोजनाको तोकिएको बाँकी काम आगामी आर्थिक वर्षमा सम्पन्न हुने गरी बजेट विनियोजनमा प्राथमिकता दिएको छु।

१३३. प्रदेश नीति तथा योजना आयोगमा आयोजना बैङ्क स्थापना गरी सम्भाव्यता अध्ययन भएका कार्यान्वियनयोग्य, पर्याप्त रोजगारी सिर्जना गर्ने र नागरिकको जीवनस्तरमा सुधार ल्याउने, रणनीतिक महत्वका आयोजना सूचिकृत गरिनेछ र त्यस्ता आयोजनालाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयनमा लगिनेछ।

१३४. नेपाल सरकार र स्थानीय तहको समन्वय तथा सहकार्यमा प्रदेशको आर्थिक, सामाजिक लगायतका क्षेत्रको सूचना तथा तथ्याङ्क व्यवस्थापन गर्नका लागि प्रादेशिक सूचना व्यवस्थापन प्रणालीको स्थापना र सञ्चालन गरिनेछ।

१३५. विगतका आर्थिक वर्षहरुमा निर्माण सुरुवात भई अधुरा रहेका खानेपानी तर्फका अलपत्र आयोजना लगायत प्रदेशभित्र सञ्चालित रुग्ण, जीर्ण, समस्याग्रस्त आयोजनाको अध्ययन प्रतिवेदनका आधारमा सुधार, परिमार्जन तथा पुनरावलोकन हुने व्यवस्था मिलाएको छु।

१३६. कृषि, पर्यटन र उर्जाका सम्भाव्य क्षेत्रहरुमा आन्तरिक तथा बाह्य लगानी प्रबर्द्धनका लागि **इन्भेष्ट गण्डकी** कार्यक्रम सञ्चालन गरिनेछ।

१३७. गण्डकी प्रदेश सरकारको वित्तीय प्रणालीका सम्बन्धमा आगामी आर्थिक वर्षमा **वित्तीय संघीयतामा गण्डकी प्रदेश** सम्मेलन आयोजना गरिनेछ।

माननीय सभामुख महोदय,

अब म माथि उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विनियोजित बजेट र स्रोतको अनुमान प्रस्तुत गर्न चाहन्छु।

**१३८.** आगामी आर्थिक वर्ष २०८१/८२ को लागि निर्धारित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू. ३२ अर्व ९७ करोड ८५ लाख ७५ हजार विनियोजन गरेको छु। जसमध्ये चालुतर्फ रू. १३ अर्ब १६ करोड ५ लाख ८२ हजार अर्थात कुल विनियोजनको ३९.९१ प्रतिशत, पूँजिगत तर्फ रू. १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजार अर्थात कुल विनियोजनको ५९.१९ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ३ करोड अर्थात कुल विनियोजनको ०.९० प्रतिशत रकम विनियोजित गरेको छु। सो रकम मध्य आगामी आर्थिक वर्ष रु. १ करोड ७६ लाख ११ हजार प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने अनुमान गरेको छु।

**१३९.** आगामी आर्थिक वर्ष २०८१/८२ को लागि खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रू. ७ अर्ब ६३ करोड ८८ लाख, राजस्व बाँडफाँटबाट रू. ९ अर्ब ६१ करोड १२ लाख, रोयल्टी बाँडफाँटबाट रू. ४८ करोड १० लाख, सशर्त अनुदानतर्फ रू. ३ अर्ब १० करोड ११ लाख, समपूरक अनुदानतर्फ रू. १ अर्ब १९ करोड र विशेष अनुदानतर्फ रू. ६५ करोड ५५ लाख प्राप्त हुने अनुमान गरेको छु। प्रदेशको राजस्व परिचालनबाट आन्तरिक राजस्व रू. ५ अर्ब १७ करोड प्राप्त हुने अनुमान गरेको छु।साथै, चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयन पश्चात रू. २ अर्ब ९४ करोड नगद मौज्दात बचत हुने अनुमान गरेको छु। यसरी न्यून हुने रकम मध्ये रू. १ अर्ब ७० करोड आन्तरिक ऋणबाट पूर्ति हुने व्यवस्था मिलाएको छु।

**माननीय सभामुख महोदय,**

अब म आर्थिक वर्ष २०८१/८२ को लागि राजस्व परिचालन र सुधारका लागि अवलम्बन गरिने राजस्व नीति प्रस्तुत गर्दछु।

१४०. प्रदेशको आर्थिक क्रियाकलापमा बढोत्तरी हुने गरी आगामी आर्थिक वर्षको राजस्व नीति प्रस्ताव गरेको छु। संघ सरकार र अन्य प्रदेश सरकारबाट अख्तियार गरिएका सम्वद्ध राजस्व परिचालनका असल अभ्यासहरुलाई समेत आधार लिई आगामी आर्थिक वर्षका लागि राजस्व नीति र कार्यक्रम तर्जुमा गरेको छु।

१४१. नेपालको संविधानको अनुसूची बमोजिम प्रदेशको क्षेत्राधिकारभित्र रही आन्तरिक राजस्वको क्षेत्रमा करका केही दरलाई घटाइ अन्य दरलाई यथावत राखेको छु। यसरी कम हुने आन्तरिक

राजस्वलाइ सम्भावित नयाँ क्षेत्रहरुमा राजस्वको दायरा थप गरी परिपूर्ति गर्ने नीति अवलम्बन गरेको छु।

१४२. राजस्व नीतिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन:-

(क) प्रदेशको आन्तरिक राजस्व प्रणालीमा सुधार गरी आर्थिक क्रियाकलाप विस्तार, लगानी प्रबर्द्धन, उत्पादन तथा उद्यमशीलतालाई प्राथमिकता र प्रश्रय दिनु,

(ख) राजस्व परिचालनको दायरा विस्तार गर्नु,

(ग) अन्तर निकाय बीचको समन्वय सुदृढ गरी कर संकलन कार्यलाइ प्रभावकारी बनाउनु,

(घ) राजस्व प्रशासनको दक्षता र व्यावसायिकता अभिवृद्धि गर्नु।

१४३. नेपालको संविधान बमोजिम प्रदेशको क्षेत्राधिकार अन्तर्गत आन्तरिक राजस्वको क्षेत्रमा करका केही दरहरुलाई घटाई अन्य दरहरु यथावत राखेको छु।

१४४. प्रदेशको आन्तरिक राजस्वका स्रोतको पहिचान, राजस्वको सम्भाव्यता अध्ययन तथा राजस्व चुहावट नियन्त्रण गरी चुस्त राजस्व प्रणालीको विकासमा जोड दिएको छु।

१४५. जग्गा प्रशासनको कार्यजिम्मेवारी स्थानीय तहमा हस्तान्तरण नहुँदासम्म घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क साविक बमोजिम नै मालपोत कार्यालयहरुबाट संकलन गरिने व्यवस्थालाई निरन्तरता दिएको छु।

**१४६.** गत आर्थिक वर्षहरुमा प्रदान गरिदै आएको राजस्व छुट सम्बन्धी व्यवस्थालाई निरन्तरता दिएको छु।

**१४७.** भूमि सुधार/ मालपोत कार्यालयबाट मानो जोडिएकोमा लाग्ने लिखत बापतको शुल्कलाई समायोजन गरेको छु। भूमि सुधार/मालपोत कार्यालयबाट जग्गाधनी र मोहीबीच जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउदा लाग्ने सेवा शुल्कलाई समायोजन गरी सेवा शुल्क नलाग्ने व्यवस्था गरेको छु।

**१४८.** भाडामा सञ्चालन हुने बस मिनिवस तथा माइक्रोबसमा सवारी गर्दा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई छुट दिने व्यवस्था मिलाएको छु।

१४९. प्रदेशको राजस्व परिचालनका लागि आर्थिक मामिला मन्त्रालय अन्तर्गत **प्रदेश राजस्व व्यवस्थापन कार्यालय** स्थापना गर्न आवश्यक तयारी गरिनेछ।

१५०. शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा र भाषा सिकाई केन्द्रको अनुमति तथा नवीकरण शुल्क जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालयबाट हुँदै आएकोमा आगामी आर्थिक वर्षदेखि त्यस्तो कार्य जिल्लास्थित सामाजिक विकास कार्यालयले गर्ने व्यवस्था मिलाएको छ।

१५१. भाडामा सञ्चालन हुने बस, मिनिबस तथा माइक्रो बसले विद्यार्थी, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाइ भाडामा छुट सहुलियत दिए वापत त्यस्ता सवारीसाधनका धनीलाइ सवारी साधन करमा साठी प्रतिशत छुट दिने व्यवस्था गरेको छ ।

**माननीय सभामुख महोदय,**

१५२. प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, कर लगाउन तथा राजस्व सङ्कलन र राजस्व प्रशासन सम्बन्धी कानुनी व्यवस्था गर्न प्रस्ताव गरिएको प्रदेश आर्थिक विधेयक, २०८१ र प्रदेश सरकारको सेवा तथा कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धी कानूनी व्यवस्था गर्न बनेको गण्डकी प्रदेश विनियोजन विधेयक, २०८१ यसैसाथ प्रस्तुत गरेको छ ।

१५३. चालू आर्थिक वर्ष २०८०/८१ मा कूल रु. ३३ अर्ब ४२ करोड ७२ लाख विनियोजन भएकोमा वैशाख मसान्तसम्म प्रदेश सञ्चित कोषमा रु. २० अर्ब १० करोड प्राप्त भएको छ। यस्तो प्राप्ती कुल बजेटको ६०.१३ प्रतिशत हो।

१५४. हालसम्म गण्डकी प्रदेश सरकारले कानूनी र संस्थागत व्यवस्थाको अभावमा आन्तरिक ऋण परिचालन गर्न नसकेकोमा आगामी आर्थिक वर्षमा आन्तरिक ऋण परिचालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ। त्यस्तो ऋण वापतको रकम उत्पादनमूलक, रोजगारी सृजना गर्ने र ऋणको लागतभन्दा आर्थिक सामाजिक लाभ बढी प्राप्त हुने सम्भावना रहेकायोजनाहरुमा मात्र विनियोजन गरिनेछ।

१५५. चालू आर्थिक वर्षको वैशाख मसान्तसम्म लक्षित वर्गका लागि जम्मा रु. २२ करोड ७७ लाख ९ हजार राजस्व छुट प्रदान गरिएको छ।

१५६. चालू आर्थिक वर्षको मन्त्रालय/निकायको विनियोजित बजेट र सो बमोजिमको प्रगति विवरण समावेश भएको मन्त्रालयगत प्रगति विवरण प्रदेश सभामा छुट्टै पेश गरेको छ।

**माननीय सभामुख महोदय,**

१५७. प्रदेशको आन्तरिक राजस्व अपेक्षितरुपमा विस्तार हुन नसकेको, सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको माध्यमबाट प्राप्त हुने वित्तीय हस्तान्तरण विगतको वर्षभन्दा घट्न गएको कारणले आगामी आर्थिक वर्षको बजेटको आकार चालू आर्थिक वर्षको भन्दा केही साँघुरो हुन पुगेको छ ।

१५८. प्रदेश सरकारका दरबन्दीमा हुँदै गएको पदपूर्तिको अवस्था र निरन्तर बढ्दै गएको महङ्गीका कारण अतिरिक्त बजेट विनियोजन गर्नुपर्दा चालू खर्चमा वृद्धि हुन गई विकास बजेटमा चाप परेको छ।

१५९. सरकारले ठूला पूर्वाधार निर्माण, औद्योगिक पूर्वाधार निर्माण, उत्पादन र उत्पादकत्वमा जोड, राजस्वको दायरा वृद्धिमा गरेको प्रयास, सेवा प्रवाहमा सुधार र भ्रष्टाचार न्यूनीकरणमा अपनाएको शून्य सहनशीलताको नीतिले नागरिक सन्तुष्टी अभिवृद्धिका साथै प्रदेशको अर्थतन्त्रको आकार क्रमश:विस्तार हुँदै जाने विश्वाश लिएको छु।

१६०. प्रस्तुत बजेट कार्यान्वयनबाट प्रदेशको विकासको मूल आधार भौतिक संरचना निर्माण, रोजगारी वृद्धि, आर्थिक क्रियाकलापमा बढोत्तरी हुनुको साथै नागरिकको जीवनस्तरमा वृद्धि भई समुन्नत प्रदेशको आधारशिला तयार हुने विश्वास लिएको छु।

१६१. अन्त्यमा, बजेट निर्माणको लागि मार्गदर्शन प्रदान गर्नुहुने माननीय प्रदेश प्रमुख, माननीय मुख्यमन्त्री, माननीय सभामुख, माननीय मन्त्रीहरु, माननीय प्रदेश सभा सदस्यहरु, राजनीतिक दलका नेतागण एवम् अग्रजहरु, राजस्व परामर्श समिति, स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, नागरिक समाज, पत्रकार एवम् सञ्चार जगतबाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेट कार्यान्वयनमा समेत नेपाल सरकार, स्थानीय तह, सम्पूर्ण सरोकारवाला तथा प्रदेश सरकारका सबै निकायबाट इमान्दार प्रयास र पर्याप्त सहयोग प्राप्त हुनेछ भन्ने विश्वाश लिएको छु।

## धन्यवाद ।

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८१/८२

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१३,०७,०७,९७** | **१५,६७,३१,०३** | **१८,१९,४९,७५** | **१८,१९,४९,७५** | **०** | **०** |
| २ कर | ९,१२,९८,८९ | १०,२७,२८,०० | ११,९६,८७,६९ | ११,९६,८७,६९ | ० | ० |
| ३ अन्य राजस्व | १,४३,९८,९२ | २,३१,६२,०० | २,९१,१३,८८ | २,९१,१३,८८ | ० | ० |
| ४ बिबिध प्राप्ति | २,५०,१०,१६ | ३,०८,४१,०३ | ३,३१,४८,१८ | ३,३१,४८,१८ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१३,०७,०७,९७** | **१५,६७,३१,०३** | **१८,१९,४९,७५** | **१८,१९,४९,७५** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **१२,९२,६०,३७** | **१३,२६,४०,००** | **१२,५९,८०,००** | **०** | **११,४६,००,००** | **१,१३,८०,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२५,९९,६८,३४** | **२८,९३,७१,०३** | **३०,७९,२९,७५** | **१८,१९,४९,७५** | **११,४६,००,००** | **१,१३,८०,००** |
| **८ खर्च (९+१०+११)** | **२३,६१,४९,१५** | **२३,००,२६,८७** | **३२,६७,८५,७५** | **२०,०८,०५,७५** | **११,४६,००,००** | **१,१३,८०,००** |
| ९ चालु | ६,४६,२०,२८ | ७,७१,१९,५८ | ११,१५,०५,८२ | ९,३४,३३,६६ | १,३७,१०,१६ | ४३,६२,०० |
| १० पूंजीगत खर्च | १५,२६,१३,६० | १३,५७,५०,६५ | १९,५१,७९,९३ | ८,७२,७२,०९ | १०,०८,८९,८४ | ७०,१८,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | १,८९,१५,२७ | १,७१,५६,६४ | २,०१,००,०० | २,०१,००,०० | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-२,३८,१९,१९** | **-५,९३,४४,१६** | **१,८८,५६,००** | **१,८८,५६,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **-१,४०,००,००** | **-१,४०,००,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५)** | **०** | **०** | **३०,००,००** | **३०,००,००** | **०** | **०** |
| १५ अन्य संस्थामा शेयर लगानी | ० | ० | ३०,००,०० | ३०,००,०० | ० | ० |
| **१६ आन्तरिक दायित्व (१७)** | **०** | **०** | **-१,७०,००,००** | **-१,७०,००,००** | **०** | **०** |
| १७ अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | ० | ० | -१,७०,००,०० | -१,७०,००,०० | ० | ० |
| **१८ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-२,३८,१९,१९** | **-५,९३,४४,१६** | **०** | **०** | **०** | **०** |
| **१९ कुल आम्दानी** | **२५,९९,६८,३४** | **२८,९३,७१,०३** | **३२,९७,८५,७५** | **२०,३८,०५,७५** | **११,४६,००,००** | **१,१३,८०,००** |
| **२० कुल खर्च** | **२३,६१,४९,१५** | **२३,००,२६,८७** | **३२,९७,८५,७५** | **२०,३८,०५,७५** | **११,४६,००,००** | **१,१३,८०,००** |

# राजस्व तथा अनुदान प्राप्तिको अनुमान

## आर्थिक वर्ष २०८१/८२

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| कर | ९,१२,९८,८९ | १०,२७,२८,०० | ११,९६,८७,६९ | ११,९७,५०,७४ | ६३,०५ |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **०** | **५,००** | **३,४२** | **३,४२** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **०** | **५,००** | **३,४२** | **३,४२** | **०** |
| कृषि आयमा कर | ० | ५,०० | ३,४२ | ३,४२ | ० |
| **सम्पत्ति कर** | **७०,४५,३२** | **१,१०,००** | **१,०१,६३,५९** | **१,०२,२६,६४** | **६३,०५** |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | **७०,४५,३२** | **१,१०,००** | **१,०१,६३,५९** | **१,०२,२६,६४** | **६३,०५** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७०,४५,३२ | १,१०,०० | १,०१,६३,५९ | १,०२,२६,६४ | ६३,०५ |
| **वस्तु तथा सेवामा आधारित कर** | **८,४२,५३,५७** | **१०,२६,१३,००** | **१०,९५,२०,६८** | **१०,९५,२०,६८** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **५,४१,४५,९१** | **७,२४,२५,६०** | **७,६८,८९,६०** | **७,६८,८९,६०** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५,४१,४५,९१ | ७,२४,२५,६० | ७,६८,८९,६० | ७,६८,८९,६० | ० |
| **अन्तः शुल्क** | **१,९२,७७,४१** | **१,८१,०६,४०** | **१,९२,२२,४०** | **१,९२,२२,४०** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | १,९२,७७,४१ | १,८१,०६,४० | १,९२,२२,४० | १,९२,२२,४० | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **१,०८,१३,२७** | **१,२०,००,००** | **१,३३,१३,९४** | **१,३३,१३,९४** | **०** |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १,०८,१३,२७ | १,२०,००,०० | १,३३,१३,९४ | १,३३,१३,९४ | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **१६,९८** | **८१,००** | **९४,७४** | **९४,७४** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | १४,१८ | ५०,०० | ७०,०० | ७०,०० | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | २,७० | ३०,०० | २२,७८ | २२,७८ | ० |
| अन्य मनोरञ्जन कर | १० | १,०० | १,९६ | १,९६ | ० |
| अनुदान | १२,९२,६०,३७ | १३,२६,४०,०० | १३,०८,३६,०० | १३,४३,४७,०० | ३५,११,०० |
| **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **१२,९२,६०,३७** | **१३,२६,४०,००** | **१३,०८,३६,००** | **१३,४३,४७,००** | **३५,११,००** |
| **अन्तरसरकारी अनुदान** | **१२,९२,६०,३७** | **१३,२६,४०,००** | **१३,०८,३६,००** | **१३,४३,४७,००** | **३५,११,००** |
| समानिकरण अनुदान | ६,९३,६९,१२ | ७,६२,२५,०० | ७,६३,८८,०० | ७,६३,८८,०० | ० |
| शसर्त अनुदान चालु | १,८६,०६,२१ | २,२१,९३,०० | २,१५,९४,०० | २,१६,०५,०० | ११,०० |
| शसर्त अनुदान पुँजीगत | ३,०९,८५,०४ | २,७२,२२,०० | १,४३,९९,०० | १,४३,९९,०० | ० |
| विषेश अनुदान चालु | ० | ९,००,०० | १३,४८,०० | १३,४८,०० | ० |
| विषेश अनुदान | ४३,००,०० | ६१,००,०० | ५२,०७,०० | ५२,०७,०० | ० |
| समपुरक अनुदान पुँजीगत | ६०,००,०० | ० | १,१९,००,०० | १,५४,००,०० | ३५,००,०० |
| अन्य राजस्व | १,४३,९८,९२ | २,३१,६२,०० | २,९१,१३,८८ | २,९१,१३,८८ | ० |
| **सम्पत्तिबाट प्राप्त आय** | **३९,७३,६९** | **६२,६५,९०** | **७७,०३,७८** | **७७,०३,७८** | **०** |
| **भाडा र रोयल्टी** | **३९,६९,३८** | **६२,५३,९०** | **७७,०१,०२** | **७७,०१,०२** | **०** |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ८१,०८ | १,००,०० | १,६८,०० | १,६८,०० | ० |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | ५,३६,८२ | ६,२४,६५ | ४,३१,९० | ४,३१,९० | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | २२,९८ | ८,४४ | ४८,०९ | ४८,०९ | ० |
| बाँडफाँड भई प्राप्त जलस्रोत सम्बन्धी रोयल्टी | ० | १० | १,०१ | १,०१ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | २५,१०,१३ | ३२,८३,३९ | ३८,४८,०० | ३८,४८,०० | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | ७,०६,४६ | २१,४५,७४ | २७,२३,०२ | २७,२३,०२ | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण वापतको रोयल्टी | १,११,९१ | ९१,५८ | ४,८१,०० | ४,८१,०० | ० |
| **अन्य शुल्क** | **४,३१** | **१२,००** | **२,७६** | **२,७६** | **०** |
| पर्यटन शुल्क | ० | २,०० | ७६ | ७६ | ० |
| पदयात्रा शुल्क | ४,३१ | १०,०० | २,०० | २,०० | ० |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **९६,९५,५८** | **१,६३,४४,१०** | **२,००,९६,१०** | **२,००,९६,१०** | **०** |
| **वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम** | **४०,७७** | **१,७६,१०** | **५५,१०** | **५५,१०** | **०** |
| कृषि उत्पादनको विक्रीबाट प्राप्त रकम | १०,१७ | १०,०० | १०,०० | १०,०० | ० |
| सरकारी सम्पतीको विक्रीबाट प्राप्त रकम | २७,३४ | २६,०० | २५,०० | २५,०० | ० |
| अन्य विक्रीबाट प्राप्त रकम | ३,१६ | ४०,०० | १०,०० | १०,०० | ० |
| विद्युत सेवा शुल्क | १० | १० | १० | १० | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ० | १,००,०० | १०,०० | १०,०० | ० |
| **प्रशासनिक सेवा शुल्क** | **४१,९१,५७** | **६३,६३,००** | **७७,१५,००** | **७७,१५,००** | **०** |
| शिक्षा क्षेत्रको आम्दानी | १४,३७ | १३,०० | १५,०० | १५,०० | ० |
| परीक्षा शुल्क | ८९,३५ | ३,५०,०० | १७,००,०० | १७,००,०० | ० |
| यातायात क्षेत्रको आम्दानी | ६,०९,७५ | १०,००,०० | १५,००,०० | १५,००,०० | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ३४,७८,१० | ५०,००,०० | ४५,००,०० | ४५,००,०० | ० |
| **अन्य प्रशासनिक दस्तुरहरु** | **५४,६१,०८** | **७३,००,००** | **९९,००,००** | **९९,००,००** | **०** |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,३८,६३ | ८,००,०० | १९,००,०० | १९,००,०० | ० |
| चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ४९,२२,४५ | ६५,००,०० | ८०,००,०० | ८०,००,०० | ० |
| **अन्य प्रशासनिक सेवा शुल्क** | **२,१६** | **२५,०५,००** | **२४,२६,००** | **२४,२६,००** | **०** |
| जलस्रोत सम्बन्धी अन्य दस्तुर | ० | ५,०० | ४,०० | ४,०० | ० |

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| वन क्षेत्रको अन्य आय | २,१६ | २५,००,०० | २४,२२,०० | २४,२२,०० | ० |
| **दण्ड जरिवाना र जफत** | **४,६३,०५** | **३,५२,००** | **९,८४,००** | **९,८४,००** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **४,६३,०५** | **३,५२,००** | **९,८४,००** | **९,८४,००** | **०** |
| न्यायिक दण्ड,जरिवाना र जफत | २२ | २,०० | १,०० | १,०० | ० |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | ४,६०,५८ | ३,००,०० | ९,८०,०० | ९,८०,०० | ० |
| धरौटी सदरस्याहा | २,२५ | ५०,०० | ३,०० | ३,०० | ० |
| **विविध राजस्व** | **२,६६,६०** | **२,००,००** | **३,३०,००** | **३,३०,००** | **०** |
| **अन्य राजस्व** | **२,६६,६०** | **२,००,००** | **३,३०,००** | **३,३०,००** | **०** |
| अन्य राजस्व | २,६६,६० | २,००,०० | ३,३०,०० | ३,३०,०० | ० |
| **बिबिध प्राप्ति** | **२,५०,१०,१६** | **३,०८,४१,०३** | **३,३१,४८,१८** | **३,३१,४८,१८** | **०** |
| **बिबिध प्राप्ति** | **२,५०,१०,१६** | **३,०८,४१,०३** | **३,३१,४८,१८** | **३,३१,४८,१८** | **०** |
| **बिबिध प्राप्ति** | **१६,५७,१४** | **९४,५२,००** | **३८,२०,४३** | **३८,२०,४३** | **०** |
| बेरूजू | ७,५०,२३ | ८५,८०,०० | ३०,५५,०० | ३०,५५,०० | ० |
| निकासा फिर्ता | १,६९,१६ | १,७२,०० | २,८३,०० | २,८३,०० | ० |
| अनुदान फिर्ता | ७,३७,७५ | ७,००,०० | ४,८२,४३ | ४,८२,४३ | ० |
| **नगद तथा मौज्दात** | **२,३३,५३,०२** | **२,१३,८९,०३** | **२,९३,२७,७५** | **२,९३,२७,७५** | **०** |
| गत वर्षको नगद मौज्दात | २,३३,५३,०२ | २,१३,८९,०३ | २,९३,२७,७५ | २,९३,२७,७५ | ० |
| **दायित्व** | **०** | **०** | **१,७०,००,००** | **१,७०,००,००** | **०** |
| **आन्तरिक दायित्व** | **०** | **०** | **१,७०,००,००** | **१,७०,००,००** | **०** |
| **खूद आन्तरिक ऋण** | **०** | **०** | **१,७०,००,००** | **१,७०,००,००** | **०** |
| अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | ० | ० | १,७०,००,०० | १,७०,००,०० | ० |
